नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरवार, काठमाडौं

## प्रेस विज्ञप्ति

***"प्रभावकारी र कुशल विकासका लागि अन्तरनिकाय समन्वय र सहकार्य" विषयक नीति संवाद कार्यक्रम***

राष्ट्रिय योजना आयोगलाई प्राप्त कार्यादेशहरुमध्ये राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति संवाद सञ्चालन तथा अन्तर-सरकारी निकायहरुकाबीच समन्वय र सहजीकरण गर्ने जिम्मेवारीसमेत रहेको सन्दर्भमा आज मिति २०७५ श्रावण २४ गते आयोगले काठमाडौं उपत्यकामा संचालित विकास आयोजनाहरुमा केन्द्रित रही *"प्रभावकारी र कुशल विकासका लागि अन्तरनिकाय समन्वय र सहकार्य"* विषयमा सरोकारवाला सरकारी निकाय तथा महानगरपालिकाका पदाधिकारीहरुबीच नीति संवाद कार्यक्रम आयोजना गऱ्यो। आयोगका उपाध्यक्ष प्रा. डा. पुष्पराज कंडेलको सभापतित्वमा भएको उक्त नीति संवाद कार्यक्रमको उद्धेश्य र महत्वकाबारेमा आयोगका माननीय सदस्य श्री मीनबहादुर शाहीले प्रकाश पार्नु भयो।

उक्त कार्यक्रममा काठमाडौं महानगरपालिकाका प्रमुख र ललितपुर महानगरपालिकाका उपप्रमुखलगायत सम्बन्धित क्षेत्रगत मन्त्रालय, अन्तर्गतका विभाग, काठमाडौं उपत्यका विकास प्राधिकरण, नेपाल विद्युत प्राधिकरण, नेपाल दुरसंचार प्राधिकरणका उच्चतहका पदाधिकारीहरुको सहभागिता रहेको थियो। यस कार्यक्रमका सहभागीहरुले विकास निर्माणका कार्यक्रम / परियोजना संचालन गर्दा दूरगामी सोचराखेर विस्तृत अध्ययन गर्दाकै वखतदेखि नै अन्तर-निकाय समन्वय हुनु आवश्यक रहेको धारणा राख्नुभयो। साथै खानेपानी तथा ढल निकास, विद्युत्त, सञ्चारसेवा, फोहरमैला व्यवस्थापन, सडकलगायतका आधारभूत सहरी पूर्वाधारहरुको निर्माण प्रकृयालाई व्यवस्थित एवं कुशलढङ्गमा सञ्चालन गर्न एकीकृतरुपमा नीतिगत एवम् संस्थागत व्यवस्थाका साथै नविनतम प्रविधिहरुको प्रयोगलाई प्राथमिकता दिई समन्वयात्मकढङ्गले कार्यान्वयन गर्नुपर्ने आवश्यकतामाथि प्रकाश पार्नु भयो। उक्त कार्यक्रममा सबै निकायका सहभागीहरुले आयोगले सहरी पूर्वाधारसम्बन्धी महत्वपूर्ण र जनसरोकारको विषयमा थालनी गरेको नीति संवाद कार्यक्रम महत्वपूर्ण र समसामयिक रहेको बताउनु भयो।

कार्यक्रमको अन्त्यमा आयोगका माननीय उपाध्यक्षले नीति संवाद कार्यक्रममा उठेका सवालहरु एवम् प्राप्त सुझावहरु अत्यन्त उपयोगी भएकोले सबै निकायले गम्भिरतापूर्वक लिन आग्रह गर्दै यस्ता नीति संवादका कार्यक्रमहरु आउँदा दिनहरुमा पनि आयोजना गरिने बताउनु भयो।

४।२४

*राधाकृष्ण प्रधान*

*मितिः २०७५ श्रावण २४ गते, बिहिबार।*

*सहसचिव एवम् प्रवक्ता*